गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय तनहुँ

दमौली, तनहुँ

फोन नं. :- ०६५-५६३१३५

पत्र संख्या :- २०८२/०८३
चलानी नं.:-

मिति २०८२।०८।११

मनोज रानाभाट
डिभिजनल वन अधिकृत

## शिलवन्दी वोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको

## सूचना। सूचना।। सूचना ।।।

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०८/११ (सूचना नं. ०२/०८२/८३ लिलाम)**

तनहुँ जिल्ला घिरिङ्ग गा पा वडा न ४ निवासी प्रतिवादी सुदर्शन रानाभाट भएको गैह कानुनी तरिकाले खयर रुख काटेको मुद्दाको अनुसन्धानका क्रममा वरामद गरीएको आ.व.०८२।०८३ को लट नं.२ कायम भएका खयर गोलिया थान ४८२ को २६३.१३ (हटउर्ड) क्यू.फि. काठ तथा जोखियमयुक्त रुखहरु हटाउने मापदण्ड अनुसार व्यास न पा ११ वेलटारी तनहुँ स्थित रहेका ऑप कटान गरी प्राप्त भएको आ.व.०८२।०८३ को लट नं.३ कायम भएका ऑप गोलिया थान १२ को ३१३.०० क्यू.फि. काठ तथा ऑप दाउरा ०.२५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको कारोवार गर्न योग्य संघ/संस्था, फर्म वा कम्पनीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले दिन २१ (एक्काईस) भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**१. काठ दाउराको विवरणः**

| क्र.स. | वन पैदावारको | | | | | | | | | | संकलन खर्च मूल्य.रु | घाटगद्दी स्थान | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्रोत | लट नं. | जात | किसिम | थान | प्रकार | परिमाण क्यू.फि. | गोलियामा लैजादा क्यू.फि. | दर | न्यूनतम मुल्य | | | |
| १ | प्रतिवादी सुदर्शन रानाभाट भएको गैह कानुनी तरिकाले खयर रुख काटेको मुद्दाको क्रममा वरामद भएका | २ | खयर | गोलिया | ४८२ | हर्टउड | २६३.१३ | ३६८.३८२ | १००० | ३६८३८२.०० | ४००००।- | सव डि.ब.का. शुक्लागण्डकी तनहुँ | |
| २ | व्यास न पा ११ वेलटारी स्थित जोखिमयुक्त रुखको व्यवस्थापन अनुसार कटान भई प्राप्त | ३ | ऑप | गोलिया | १२ | गोलिया | ३१३.०० | ३१३.०० | २०० | ६३६००.०० | २००००।- | व्यास न पा ११ वेलटारी तनहुँ | |
| | | | | २०X'५X'५ साईजको ऑप दाउरा | | | ०.२५ चट्टा | ०.२५ | ४००० | | | | |

२. बोलपत्र फारम खरिद गर्नुपर्ने अन्तिम मिति २०८२/०९/०२ कार्यालय समय भित्र , स्थानः डिभिजन वन कार्यालय तनहुँ र वन निर्देशनालय गण्डकी प्रदेश पोखरा ।

३. बोलपत्र फारम दाखिला गर्नु पर्ने क. स्थानः डिभिजन वन कार्यालय दमौली तनहुँ वन निर्देशनालय गण्डकी प्रदेश पोखरा र ख. मितिः २०८२/०९।०३ गते दिनको १२ वजे भित्र

४. लट न २ र लट नं. ३ दुवै बोलपत्र फारमको छुट्टा छुट्टै रु १०००/- (एक हजार) (पछी फिर्ता नहुने गरी) तिरी यस कार्यालयवाट यस कार्यालयको नाममा रहेको नेपाल वैङ्क लि. दमौली शाखाको खाता न २७३०२००००१००१००००१ मा प्रयोजन वोलपत्र खरिद लेखि, कार्यालय कोडमा ३२९०१३८०२४, राजस्व शिर्षक १४२२९ मा जम्मा गरेको भौचर वुझाई खरिद गर्न सकिने छ ।

५. वोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम ख २.३ प्र.ले.नि.का. तनहुँको धरौटी खाता नं. ०६००२०००००२००३००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्सको लागि हुनु पर्नेछ ।

६. छुट्टाछुट्टै लटको वोलपत्र छुट्टाछुट्टै खरिद गरी छुट्टा छुट्टै लट नं खुलाई पेश गर्नु पर्नेछ ।

७. लिलाममा राखिएको वन पैदावार सम्वन्धित घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

८. लिलाममा भागलिन ईच्छुक सःमिलले आधिकारिक प्रतिनिधिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी करदर्ता प्रमाणपत्रको प्रतिलिपी र मुल्य अभिवृद्धीकर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ताको प्रमाणपत्रको प्रतिलिपी सःमिल दर्ताको प्रमाणपत्र, वन पैदावारको सःमिलको डिभिजन वन कार्यालयम सुचीकृत भएको कागजात वोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. रीतपूर्वक पर्न आएका शिलवन्दी वोलपत्रहरु मिति २०८२/०९/०३ मा दिउसी २.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धीकर तथा कटानमुछान खर्च समेत वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र वोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा हुनेछ ।

१३. यस कार्यालयवाट विक्री नभएको म्याद भित्र दाखिला नभएको वा रित नपुगी पेश भएका बोलपत्र उपर कुने कारवाही हुनेछैन ।

१४. वोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार प्राप्त अधिकारीमा निहित रहेनेछ ।